# बीमकको संस्थागत सुशासन सम्बन्धी (दोश्रो संशोधन) निर्देशिका, २०८२

**दोश्रो संशोधन २०८२।०६।१२**

प्रस्तावना: बीमा ऐन, २०७९ को दफा ५ को खण्ड (घ) तथा दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले देहायका निर्देशनहरु जारी गरेको छ।

परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी निर्देशनहरुको नाम "बीमकको संस्थागत सुशासन सम्बन्धी (दोश्रो संशोधन ) निर्देशिका, २०८२ रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८०को दफा ४५ मा संशोधनः** बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० को दफा ४५ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गरिएको छ;

"(ङ)प्राकृतिक प्रकोप, नागरिक आन्दोलन, जन प्रदर्शन वा अन्य कारणले भएको क्षतिको पुनर्निर्माण, आर्थिक पुनरुत्थान, राहत लगायतका कार्यका लागि नेपाल सरकारले स्थापना गरेको कोषमा दाखिला हुने गरी गरिएको खर्च।"